श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं
इजलाश
प्रमुख जिल्ला अधिकारी **बसन्त राज गौतम**
**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.३८/६५(**हातहतियार**)

दर्ता मिति :– २०७०८/०९/२८

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.८२३, मिति :– २०७१/०७/२६

| **वादी** | **प्रतिवादी** |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले | सत्यमान तामाङ्गको छोरा जि.सिन्धुपाल्चोक, मांखा गा.वि.स. वडा नं.४ बस्ने वर्ष २२ को बुद्ध छिरिङ्ग तामाङ्ग (लामा)............................................ १ |
| **नेपाल सरकार**............१ | महाध्वज लिम्वुको छोरा जि. पाचथर, सरनडाडा गा.वि.स. वडा नं.७फिदिप बस्ने वर्ष २२ को समपर्ण लिम्वु...................................................... १ |
| निजको प्रमाण.................................. | निजको प्रमाण .................................................................... |
| साक्षी .............. | साक्षी ................................................................................ |
| कागज.......................................... | कागज .............................................................................. |

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................
साक्षी:-
कागज:

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

मुद्दा :- हातहतियार खरखजना ।

(१) का.जि. का.म.न.पा.वडा नं.३४ बानेश्वर क्याम्पस नजिकै वागमती खोलाको किनारमा चेकजाँचको क्रममा १ जना भाग्न सफल भएको र नियन्त्रणमा लिएको समर्पण लिम्वुको झोला तलासी गर्दा Gyan लेखिएको चामलको रातो पहेलो बोरा रहेको उक्त बोरा खोली हेर्दा 5mm को १ फिट ५इन्च लामो फलामको तिखो छड थान-१,5mm को १ फिट २ इन्च लम्वाई भएको फलामको तिखो छड थान-१,काठको बीड भएको १ फिट लामो खुकुरी थान-१, 7.62MFS 200 लेखिएको गोली राउण्ड-१ र एक नाले नलकटुवा पेस्तोल थान-१ समेत बरामद गरिएको र प्रारम्भिक सोधपुछको क्रममा उक्त हतियार र गोलीको व्यवस्था मिलाउने भ.पु.जि.तिर बस्ने बुद्ध लामा भएको भनि वताएको हुदा निजको तत्काल खोजतलास तथा पक्राउ गर्ने तर्फ आवश्यक कारवाही हुन वरामद दशी सहित पक्राउ परेका समर्पण लामालाई कारवाहीको लागि पेश गरेको छु भन्ने मिति २०७०/०९/०८ को खानतलासी एवं वरामद मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।

(२) मिति २०७०/०९/०८ गते बुद्ध लामाको खोज तलास गर्दै जादा भ.पु.जि.पुरानो ठिमी स्थितमा फेला पारी सोधपुछ गर्दा आफ्नो घर सि.पा.जि.माँखा-४,उमेर २२ वर्ष नाम बुद्ध लामा हो,का.म.न.पा.-३४ बानेश्वर स्थित प्रहरीको चेकजाँचमा समर्पण लिम्वु पक्राउ परेको आफु भागी आएको भनी बताएको हुदा निजलाई पक्राउ गरी कारवाहीको लागि दाखिला गरिएको भन्ने व्यहोराको प्रहरी निरिक्षक बसन्त पाठकको प्रतिवेदन ।

(३) विगत ५/६ वर्ष अगाडि गाउकै जंगलमा वाखा चराउन गएको अवस्थामा प्लाष्टिकमा बेरेको नलकटुवा पेस्तोल थान-१ र गोली थान-१ भेटी मैले आफैले लुकाई राखेको थिए,यस वारेमा कोही कसैलाई थाहा छैन, २०६७ सालमा रोजगारको लागि विदेश गई २०६९ सालको दशै ताका घरमा आएको थिए,घरमा आर्थिक समस्या भएकोले ८/९ महिना अगाडि कामकै खोजीमा भक्तपुर आई पुरानो ठिमीमा कोठा लिई च्याउ खेतीमा काम गर्दै आएको थिए,कामकै सिलसिलामा समर्पण लिम्वुसँग १ महिना अगाडि चिनजान भएको थियो, म र समर्पण लिम्वुसँग सल्लाह भई गाउबाट ल्याई कोठामा लुकाई छिपाई राखेको थिए,अब हामीले केही गरी पैशा कमाउनु पर्छ भक्तपुर एरियामा हामी आफै बस्ने भएकोले अन्यत्र ठाउमा लुटपाट गरी रकम कमाउने भनि सल्लाह भयो । मिति २०७०/०९/०८ गते दिउसो अं.१६.०० बजेको समयमा भक्तपुर कमेरोटार चौरीमा भेट भई चामलको बोरा, कालो व्याग,२ वटा फलामको छड समर्पण लिम्वुले व्यवस्था गऱ्यो । मैले खुकुरी थान १,नलकटुवा पेस्तोल थान १ र गोली राउण्ड थान १ ल्याए, चामलको बोरामा बेरी झोलामा राखी हाम्रो योजना सल्लाह अनुसार सामान भएको झोला समर्पण लिम्वुले बोके,त्यसपछि हामी दुवै जना गाडी चढी तिनकुनेमा ओर्ली त्याहाबाट पैदल हिड्दै श्रम विभाग देखी अगाडि वागमती पुल पार गरी बानेश्वर क्याम्पस नजिकै पुगेका थियौं । सोही स्थान आसपासमा ठाउ हेरी रकम लुट्ने भनि पेस्तोलमा गोली लोड गरी राखेको थिए, कुनै घटना हुन गर्न नपाउदै प्रहरीको चेकिङ्गले समर्पण लिम्वु पक्राउ परे, म भागी भक्तपुर गए,हाम्रो योजना सफल भएन,सोही दिन भक्तपुरबाट प्रहरीले मलाई पनि पक्राउ गरेका हुन, पक्राउ पर्नु भन्दा अगाडि वरामद हतियार, रड,खुकुरीबाट अन्य कुनै स्थानमा घटना गरेको छैन, कसैको ज्यान मृत्यू तथा घाइते भएको छैन,यो योजना सफल भएको भए,हाम्रो मनोवल बढ्दै जादा यस्तो अप्रिय घटना पनि हुन सक्थ्यो,वरामदी मुचुल्कामा उल्लेखित वरामद भएको हात हतियार देखि चिन्हे सो मध्यका हतियार, गोली,खुकुरी मैले ल्याएको हुँ, फलामको छड,बोरा र झोला समर्पण लिम्वुले ल्याएका हुन, हामी दुवै जना बाहेक अन्य कोही योजनामा छैन,हतियार राख्ने ईजाजत पत्र लिएको छैन,अवैध हतियार राख्न पाइदैन भन्ने थाहा थियो भन्ने समेत व्यहोराको प्रतिवादी बुद्ध छिरिङ्ग तामाङ्ग (लामा)ले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान बयान ।

(४) म पुष्टकारी फ्याक्ट्रीमा काम गर्छु,, बुद्ध लामा भ.पु.जि. स्थित च्याउ फ्याक्ट्रीमा काम गर्ने क्रममा १ महिना अगाडि भक्तपुरमै चिनजान भएको हो, करिव एक हप्ता अगाडि बुद्ध लामा र म बीच हामीले अव केही गरेर पैसा कमाई एउटा फ्याक्ट्री खोल्नु पर्छ भन्ने कुरा भयो, बुद्ध छिरिङ्ग लामाले आफूसँग हतियार र गोली भएको बताए, मिति २०७०।९।८ गते दिउसो अं.१६.०० बजेको समयमा भेट भयो,भक्तपुर एरियामा हामी यतै बस्ने भएकोले केही घटना नगर्ने, वानेश्वर एरिया तिर घटना घटाउन जाने भन्ने सल्लाह योजना भयो, बुद्ध छिरिङ्गले खुकुरी थान-१,नलकटुवा पेस्तोल थान-१ र गोली राउण्ड थान १ लिई आयो, मैले एउटा कालो झोला, चामलको बोरा र दुइवटा तिखो फलामको रड व्यवस्था मिलाई कमेरोटार चौरमा बसी पेस्तोलमा गोली लोड गरी केही परेमा प्रयोग गर्ने तयारी गरी हातहतियार गोली समेत बोरामा राखी कालो झोलामा मैले बोके, भक्तपुर ठिमीबाट

बस चढी तिनकुने आयौ,पैदल हिड्दै गर्दा श्रम विभाग अगाडि वागमती पुल क्रस गरी बानेश्वर क्याम्पस नजिक पुग्यौ, त्यतिबेला साझको अं.१८.०० बजेको थियो होला, एक्कासी प्रहरी आई मलाई समाते, साथी बुद्ध छिरिङ्ग भाग्न सफल भयो, मैले बोकेको झोला खान तलासी गर्दा रकम लुटपाट गरी धन कमाउने योजना अनुसार ल्याएको नलकटुवा पेस्तोल थान १,गोली राउण्ड थान १ खुकुरी थान १ फलामको तिखो रड थान २ समेत बरामद गरेका हुन, मैले भने अनुसार नै बुद्ध छिरिङ्ग लामा सोही दिन भक्तपुरबाट पक्राउ परे, बरामद भएका सबै सामाग्रीहरु चिने सो हतियारबाट कुनै मानवीय क्षति भने भएको छैन भन्ने समेतको व्यहोरा अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवादी समर्पण लिम्वुले गरेको वयान ।

(५) मिति २०७०।९।८ गते साझ १८.३० बजेको समयमा का.जि.का.म.न.पा.वडा नं.३४ बानेश्वर क्याम्पस नजिकै प्रहरीले चेकजाँच गर्ने क्रममा समर्पण लिम्वुले बोकेको झोला चेकजाच गर्दा झोला भित्र बोरामा गोली लोड गरेको नलकटुवा पेस्तोल थान १, खुकुरी थान १, रड थान २ समेत भेटाई वरामद गरी पक्राउ गरेको थियो । एकजना पक्राउ भएकै स्थानबाट भागी फरार भएको थियो । समर्पण लिम्वुलाई प्रहरीले सोधपुछ गर्दा भाग्ने व्यक्ति बुद्ध लामा हुन,हामी दुवै जनाको योजना सल्लाह भई लुटपाट गर्ने उद्धेश्यले आएको भनि बताएको सुनेको थिए, भागेका बुद्ध लामा पनि पक्राउ परेको कुरा भोली पल्ट थाहा पाएको हुँ, हतियार र गोली के कहाँबाट ल्याएका हुन थाहा भएन, समयमै पक्राउ परेका कारण ठूलो घटना हुन सकेन, अवैध हतियार गोली बोकी हिड्ने व्यक्तिहरुलाई हदैसम्मको कारवाही हुनुपर्छ भन्ने समेत व्यहोराको नवराज क्षेत्री, तिर्थ श्रेष्ठ,रोशन कार्की र सूर्यबहादुर लामा समेतले करिव एकै मिलान एकै व्यहोराले गरी दिएको घटना विवरण सर्जमिन मुचुल्का कागजको व्यहोरा ।

(६) संकलित कागज प्रमाणहरु, मौकामा बुझिएका मानिसहरु, प्रतिवादीहरु बुद्ध छिरिङ्ग तामाङ्ग (लामा) र समर्पण लिम्वुले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान समेतका आधार प्रमाणहरुबाट प्रतिवादीहरुले एक आपसमा मिलेमतो र सरसल्लाह गरी अवैध हतियार नलकटुवा पेस्तोल समेतका खरखजानाहरु लुटपाट गर्ने मनसायले आफ्ना साथमा लिई हिडेको पुष्टि भएकोले निज प्रतिवादीहरु बुद्ध छिरिङ्ग तामाङ्ग (लामा) र समर्पण लिम्वुले हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(क) र दफा ५ बमोजिमको कसूर अपराध गरेकाले निज प्रतिवादीहरु बुद्ध छिरिङ्ग तामाङ्ग (लामा) र समर्पण लिम्वुलाई सोही ऐनको दफा २०(२)(क) र २०(३)(क) बमोजिम सजाय गरी वरामद अवैध हतियार नलकटुवा पेस्तोल समेतका खरखजानाहरु सोही ऐनको दफा १६ बमोजिम जफत हुन मागदावी सहितको अभियोग-पत्र ।

(७) करिव ६/७ वर्ष अगाडि वाखा चराउन जादा जंगलको ओडारमा मैले उक्त नलकटुवा पेस्तोल थान १,गोली राउण्ड थान १ र जलेको प्रेशरकुकर समेत फेला पारी गाउमा लुकाई राखेको थिए, बरामद भएको पेस्तोल र गोली मैले नै समर्पण लिम्वुलाई दिएको हुँ, समर्पण लिम्वु र म सगै जस्तै थियौ,प्रहरी आएको देखी पक्राउ गर्छ भन्ने डरले म भागी गएको र निजलाई प्रहरीले पक्राउ गरेको हो,अधिकार प्राप्त अधिकारी समक्ष भएको बयानमा ल्याप्चे सहीछाप मेरो हो,व्यहोरा पनि मेरो हो हो भन्ने समेत व्यहोराको प्रतिवादी बुद्ध छिरिङ्ग तामाङ्गले यस कार्यालयमा गरेको बयान ।

(८) मिति २०७०।९।८ को बरामदी मुचुल्काको दस्तखत मेरो हो, वरामद भएको नलकटुवा पेस्तोल थान १ र गोली राउण्ड १ मैले बोकेको झोलाबाट नै बरामद भएको हो,बरामद सामान बुद्ध लामाले भेटाएको हो र सो हतियार बागमतीमा फाल्ने उद्धेश्यले दुवै जना त्याहा सँगै आएका

थियौ,प्रहरीलाई देखेपछि बुद्ध छिरिङ्ग भागेको र हतियार बागमतीमा फाल्नु भन्दा अगाडि नै म पक्राउमा परेको हुँ, बरामदी मुचुल्का अनुसार बरामदी हतियार लुटपाट गर्न हिडेको भन्ने कुरा झुट्टा हो भन्ने समेत व्यहोराको प्रतिवादी समर्पण लिम्वुले यस कार्यालयमा गरेको बयान ।

(९) प्रतिवादी बुद्ध छिरिङ्ग तामाङ्ग (लामा) ले वरामद भएको नलकटुवा पेस्तोल गाउमा वाखा चराउन जादा जंगलमा फेला पारी घरमा लुकाई राखेको र समर्पण लिम्वुले सो हतियार बुद्ध छिरिङ्ग लामाले दिई सगै बोकी हिडेको समयमा प्रहरीले पक्राउ गरेको भनी वयान गरेका छन,अतःप्रतिवादीहरुले यस कार्यालयमा र मौकामा गरेको वयान,वरामदी मुचुल्का समेतका तत्काल प्राप्त प्रमाणका आधारमा प्रतिवादीहरु बुद्ध छिरिङ्ग तामाङ्ग (लामा) र समर्पण लिम्वुले हातहतियार खरखजाना ऐन २०१९को ३(२),४(२) र ५(१) को कसुर गरेको होइनन् भन्न सक्ने अवस्था अहिले नै नदेखिएकोले पछि बुझ्दै जादा ठहरे बमोजिम हुने गरी प्रतिवादी बुद्ध छिरिङ्ग तामाङ्ग (लामा) र समर्पण लिम्वु लाई हातहतियार खरखजाना ऐन,२०१९ को दफा २४(क) बमोजिम पूर्पक्षको लागि थुनामा राख्नु र अभियोग पत्रसाथ पेश भएका हातहतियार खरखजाना सुरक्षितसाथ राख्न महानगरीय प्रहरी बृत्त नयाँवानेश्वरमा पठाउनु भन्ने समेत यस कार्यालयबाट मिति २०७०/०९/२८ मा भएको थुनछेक आदेश ।

## यस कार्यालयको ठहर

नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७०।९।८ गतेका दिन काठमाण्डौं जिल्ला, का.म.न.पा.वडा नं. ३४ वानेश्वर क्याम्पस नजिकै वागमती खोला किनारमा चेकजाँचको क्रममा एक जना भाग्न सफल भएको र नियन्त्रणमा लिईएका समपर्ण लिम्वुको साथमा रहेको झोला भित्र छड थान २, खुकुरी थान १, नलकटुवा पेस्तोल थान १ र गोली राउण्ड १ समेत फेला परेको र सो हात हतियार राख्ने, बोकी हिड्ने कार्यमा तत्काल चेकजाचको क्रममा भाग्न सफल बुद्ध छिरिङ्ग तामाङ्ग (लामा) समेतको संलग्नता पुष्टि भएकाले प्रतिवादीहरु समपर्ण लिम्वु र बुद्ध छिरिङ्ग तामाङ्ग (लामा)लाई **हातहतियार खरखजाना ऐन,** २०१९ को दफा ३(क) र ५ बमोजिकको कसूर अपराधमा ऐ. दफा २०(२) को (क) र २०(३) को (क) बमोजिम सजाँय गरी पाउँ भन्ने अभियोग दावी रहेछ । यसमा प्रतिवादीहरुले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्धान जिल्ला न्यायाधिवक्ता श्री कृष्णजंग शाह तथा प्रतिवादीहरुको तर्फबाट उपस्थित विद्धान अधिवक्ता इश्वरीप्रसाद सापकोटाले गर्नु भएको वहस जिकीर सुनी मिसिल संलग्न कागजात अध्ययन गरी अव निर्णय तर्फ विचार गर्दा मिति २०७०/०९/०८ गतेका दिन काठमाण्डौं जिल्ला, का.म.न.पा.वडा नं. ३४ नयावानेश्वर क्याम्पस नजिकै वागमती किनारमा चेकजाँचको क्रममा एक जना भागेको र नियन्त्रणमा लिएका समपर्ण लिम्वुको साथमा रहेको झोला खोली हेर्दा पेस्तोल थान १, गोली राउण्ड १, फलामको छड २ र खुकुरी थान १ समेत वरामद भएको भन्ने खानतलासी वरामदी मुचुल्का सक्कलै मिसिल संलग्न रही सो को रोहवरमा प्रतिवादी समपर्ण लिम्वुले आफ्नो साथबाट उल्लेखित चिजबस्तु वरामद भएको भनी सहीछाप गरेको देखिन्छ । समपर्ण लिम्वुले दिएको सूचनाको आधारमा तत्काल भाग्न सफल भनिएका व्यक्ति बुद्ध छिरिङ्ग तामाङ्ग (लामा) पक्राउ परेको देखिन्छ । अनुसन्धानका क्रममा प्रतिवादी बुद्ध छिरिङ्ग तामाङ्ग (लामा)ले *५/६ वर्ष अगाडि गाउको जंगलमा वाखा चराउन जाँदा प्लाष्टिकमा बेरिएको नलकटुवा पेस्तोल भेटी लुकाई छिपाई राखेको र म पक्राउ पर्नु भन्दा एक हप्ता पहिले सपमर्ण लिम्वुसँग सल्लाह भई उक्त हतियार, गोली भक्तपुरमा कोठामा*

*ल्याई लुकाई छिपाई राखेको, रकम लुट्न तर्साउने उद्धेश्यले हतियार, रड र खुकुरी बोकी हिडेको अवस्थामा प्रहरीले चेकजाँच गर्दा समपर्ण लिम्वु पक्राउ परेको र आफु भाग्न सफल भएको, उक्त हातहतियार खरखजना प्रयोग गरी अन्य कतै कसूर अपराध नगरेको । वरामद भएका हातहतियार लगायतका सामान यीनै हुन् भनी देखाउदा चिनी सनाखत गरी दिएँ* भनी वयान गरेको देखिन्छ । अर्का प्रतिवादी समपर्ण लिम्वुले *बुद्ध लामा भ.पु.जि. स्थित च्याउ फ्याक्ट्रीमा काम गर्ने क्रममा १ महिना अगाडि भक्तपुरमै चिनजान भएको हो, करिव एक हप्ता अगाडि बुद्ध लामा र म बीच हामीले अव केही गरेर पैसा कमाई एउटा फ्याक्ट्री खोल्नु पर्छ भन्ने कुरा भयो, बुद्ध छिरिङ्ग लामाले आफूसँग हतियार र गोली भएको बताए, मिति २०७०।९।८ गते दिउसो अं.१६.०० बजेको समयमा भेट भयो,भक्तपुर एरियामा हामी यतै बस्ने भएकोले केही घटना नगर्ने, वानेश्वर एरिया तिर घटना घटाउन जाने भन्ने सल्लाह योजना भयो, बुद्ध छिरिङ्गले खुकुरी थान-१,नलकटुवा पेस्तोल थान-१ र गोली राउण्ड थान १ लिई आयो, मैले एउटा कालो झोला, चामलको बोरा र दुइवटा तिखो फलामको रड व्यवस्था मिलाई कमेरोटार चौरमा बसी पेस्तोलमा गोली लोड गरी केही परेमा प्रयोग गर्ने तयारी गरी हातहतियार गोली समेत बोरामा राखी कालो झोलामा मैले बोके, भक्तपुर ठिमीबाट बस चढी तिनकुने आयौ,पैदल हिड्दै गर्दा श्रम विभाग अगाडि वागमती पुल क्रस गरी बानेश्वर क्याम्पस नजिक पुग्यौ, त्यतिबेला साझको अं.१८.०० बजेको थियो होला, एक्कासी प्रहरी आई मलाई समाते, साथी बुद्ध छिरिङ्ग भाग्न सफल भयो, मैले बोकेको झोला खान तलासी गर्दा रकम लुटपाट गरी धन कमाउने योजना अनुसार ल्याएको नलकटुवा पेस्तोल थान १,गोली राउण्ड थान १ खुकुरी थान १ फलामको तिखो रड थान २ समेत बरामद गरेका हुन, मैले भने अनुसार नै बुद्ध छिरिङ्ग लामा सोही दिन भक्तपुरबाट पक्राउ परे, बरामद भएका सबै सामाग्रीहरु चिनें, सो हतियारबाट कुनै मानवीय क्षति भने भएको छैन* भनी अनुसन्धानका क्रममा वयान गरेको देखिन्छ । *मिति २०७०।९।८ गते साँझ अन्दाजी १८.३० बजेको समयमा वानेश्वर नजिकै प्रहरीले चेकजाँच गर्दा समपर्ण लिम्वुको साथबाट पेस्तोल थान १, गोली राउण्ड १, खुकुरी थान १ समेत वरामद भएको र एकजना फरार भएको, भाग्ने व्यक्ति बुद्ध छिरिङ्ग तामाङ्ग (लामा) भएको र दुई जना मिलि लुटपाट गर्ने योजना रहेको भनी पक्राउ परेका समपर्ण लिम्वुले वताएको* भनी अनुसन्धानका क्रममा कागज गर्ने नवराज क्षेत्री, तिर्थ श्रेष्ठ र रोशन कार्कीले खुलाएको देखिन्छ।

यस कार्यालय समक्षको वयानमा प्रतिवादी बुद्ध छिरिङ्ग तामाङ्ग (लामा)ले *६/७ वर्ष अगाडि वाखा चराउन जादा नलकटुवा पेस्तोल थान १ गोली राउण्ड १ फेला पारी लुकाई राखेको र पछि समपर्ण लिम्वुलाई उपलव्ध गराएको, प्रहरीले चेकजाँच गर्दा म भागेको* भनी अनुसन्धानका क्रममा भएका खानतलासी वरामदी मुचुल्का र वयान व्यहोरालाई समर्थन गरी वयान गरेका रहेछन् । अर्का प्रतिवादी समपर्ण लिम्वुले *आफुबाट पेस्तोल थान १ र गोली समेत वरामद भएको भनी उक्त हतियार वागमतीमा फाल्ने उद्धेश्यले हिडेको अवस्थामा प्रहरीले पक्राउ गरेको* भनी खुलाएको देखिन्छ । यद्यपी प्रतिवादी समर्पण लिम्बुले हतियार बागमती नदीमा फाल्ने उद्देश्यले साथमा बोकी हिंडेको भन्ने बयान र सो बयान उपर प्रतिवादीका तर्फबाट उपस्थित विद्धान अधिवक्ता कृष्ण प्रसाद सापकोटाले लिनु भएको जिकिरसँग सहमत हुन सकिएन ।

अतः माथि विवेचना गरिएका खानतलासी वरामदी मुचुल्का, प्रतिवादीहरुले अनुसन्धानको क्रममा गरेको वयान, यस कार्यालयमा गरेको साविति बयान बुझिएका मानिसहरुले गरेको कागज समेतका आधारमा प्रतिवादीहरु बुद्ध छिरिङ तामाङ(लामा) र समर्पण लिम्बुले लाईसेन्स नलिई हातहतियार खरखजाना आफुसाथ राखेको, लिई हिडेको पुष्टि हुन आएकाले प्रतिवादीहरु बुद्ध

छिरिङ तामाङ(लामा) र समर्पण लिम्बुले अभियोग दावी बमोजिम कसुर गरेको ठहर्छ । सो ठहर्नाले सजायँतर्फ बिचार गर्दा प्रतिवादीहरु दुवैजना मिति २०७०।९।८ मा पक्राउ परी मुद्दा पुर्पक्षका लागि थुनामा रहेका, निजहरु दुवैजनाको उमेर २२ वर्ष रही अन्य रोजगार गर्न सक्ने र सुध्रन सक्ने संभावना रहेको, उल्लेखित हातहतियार खरखजाना अन्यत्र दुरुपयोग गरेको भन्ने कुनै प्रमाण नभेटिएकाले कैदको सजायँ गर्दा चर्को पर्न जान्छ की भन्ने देष्टिकोणले निजहरुलाई हातहतियार खरखजाना ऐन, २०१९को दफा २०(२)(क) बमोजिम जनही रु.६०,०००।- ( साठी हजार रुपैयाँ) र ऐ. दफा २०(३)(क) बमोजिम जनही रु.२०,०००।-(बीस हजार रुपैयाँ) समेत गरी जम्मा जनही रु.८०,०००।- (असी हजार रुपैयाँ) जरिवाना हुन्छ । वरामद भई अभियोग पत्रमा उल्लेखित पेस्तोल, गोली तथा अन्य दशी ऐ. दफा १६ बमोजिम जफत हुन्छ । प्रतिवादीहरुलाई ठहरेको जरिवाना दाखिला गरे थुना मुक्त गर्न लेखि पठाउनु, जरिवाना दाखिला गर्न नसके मु.ऐ. दण्ड सजायको महल ३८(२) बमोजिम जनही ४(चार) वर्ष कैद बस्ने गरी कैदीपूर्जि दिनु । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं.१८६ नं. बमोजिम फैसला गरी दिएँ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु बुद्ध छिरिङ तामाङ(लामा) र समर्पण लिम्बुलाई जनही रु. ८०,०००/-(असी हजार) जरिवाना हुने ठहरेकोले निजहरुलाई ठहरेको जरिवाना रकम दाखिला गरेमा थुनाबाट छाडि दिन लेखी पठाउनु । दाखिला नगरेमा पक्राउ परेको मिति२०७०।९।८ बाट हिरासतमा बसेको अवधि गणना गरी प्रतिवादी बुद्ध छिरिङ तामाङ र समर्पण लिम्बुलाई कैदमा बस्न कैदीपूर्जि दिनू ............................................................................१

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु..................................................२

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी बुद्ध छिरिङ तामाङ र समर्पण लिम्बुलाई पुनरावेदन म्याद दिनू............३

जिल्ला सरकारी वकिल कार्यालय,काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू .................४

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू...............................................................................................................५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइ दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ............................................६

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा

..................................
(बसन्त राज गौतम)
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७१ साल कार्तिक २६ गते रोज ४ शुभम् .......................